राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ७७ २०८२ असोज २७ गते सोमवार (13 Oct. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## तीन दलका तीन प्रमुख नेताहरूलाई बिदा गरौं : गगन थापा

दैनिक समाचारदाता

काठमाडौं, २६ असोज । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले तीन दलका प्रमुख नेताहरूलाई बिदाइ गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । आइतबार सामाजिक सञ्जालमा एक भिडियोमार्फत उनले संवादको नयाँ वातावरण प्रारम्भ गर्न पनि आग्रह गरेका छन् ।

'तीन दलका तीन प्रमुख नेतालाई बिदाइ गरौं, संवादको नयाँ वातावरण प्रारम्भ गरौं,' महामन्त्री थापाले भनेका छन् ।

महामन्त्री थापाले निरन्तर पार्टीमा महाधिवेशनको माग गर्दै आएका छन् ।

यसैबीच उनले पुराना नेताहरूले बिदा लिनुपर्ने भन्दै अन्य दुई ठूला दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेता कार्यकर्तालाई पनि प्रमुख नेतालाई



छाड्न अनुरोध गर्नुपर्ने बताएका छन् । 'म एमाले माओवादीका साथीहरूलाई पनि भन्न चाहन्छु, हामीले आफ्ना तीनवटै नेताहरूलाई प्रष्ट भन्नुपर्छ, अब नो मोर,' थापाले भनेका छन् । नेतृत्व बदल्नासाथ सबै कुरा बदलिन्छ भन्ने नभएको भन्दै आफूहरू पनि अनुपयुक्त भए छाड्न तयार रहेको जिकिर गरेका छन् ।

## मुख्यमन्त्री सिंहले मङ्गलबार विश्वासको मत लिने

दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मङ्गलबार विश्वासको मत लिनुहुने भएको छ ।

प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाले यही असोज २८ गते दिउँसो १ बजे बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्रीले विश्वासको मत लिने कार्यक्रम रहेको जानकारी दिनुभयो । सचिवालयले आज सूचना जारी गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार नेपालको संविधानको धारा, १८८ को उपधारा (२) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४३ को (४) बमोजिम मुख्यमन्त्री सिंहले विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभा बैठक सञ्चालनको आह्वान गरिएको जनाएको हो ।

# जनमत पार्टी फुट्यो, उपाध्यक्ष दीपक साहको नेतृत्वमा 'जनस्वराज पार्टी' गठन

दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज । मधेश केन्द्रित राजनीतिक दल जनमत पार्टी औपचारिक रूपमा फुटेको छ । अध्यक्ष डा. सीके राउतको नेतृत्वमा रहेको पार्टीभित्र लामो समयदेखि चल्दै आएको आन्तरिक असन्तुष्टि अन्ततः विभाजनमा परिणत भएको हो । असन्तुष्ट समूहका उपाध्यक्ष इन्जिनियर दीपक साहको नेतृत्वमा नयाँ राजनीतिक दल 'जनस्वराज पार्टी' गठन गरी निर्वाचन आयोगमा दर्ताका लागि निवेदन पेश गरिएको छ ।




निर्वाचन आयोगका उप( न्यायाधिवक्ता विष्णु पौडेलका अनुसार नयाँ दल दर्ताको निवेदनमा जनमत पार्टीका ५२ जना केन्द्रीय सदस्य मध्ये २० प्रतिशतको हस्ताक्षर संलग्न गरिएको छ । आयोगले निवेदन स्वीकृत गरेपछि सनाखत प्रक्रिया सुरु गर्ने तयारी गरेको छ ।

उपाध्यक्ष साहले निवेदन बुझाएपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै भने, "हामीले नयाँ दल दर्ताको प्रक्रिया सुरु गरेका छौं । निर्वाचन आयोगमा निवेदन दिइसकेका छौं । अब निर्णय आयोगको जिम्मामा छ ।"

***नयाँ दल 'जनस्वराज पार्टी'को प्रारम्भिक संरचना***

नयाँ दलमा प्रारम्भिक रूपमा १५ सदस्यीय कार्यसमिति गठन गरिएको छ । आयोगमा निवेदन दर्ता भए पनि पार्टीको झन्डा र छाप (चिन्ह) भने अझै तोकिएको छैन । पार्टी स्रोतका अनुसार निकट भविष्यमा केन्द्रीय पदाधिकारी र सदस्य संख्या विस्तार गरिनेछ ।

साह नेतृत्वको समूहले जनमत पार्टीलाई वैकल्पिक राजनीतिक विचारसहित जनताको नजिक पुर्‍याउने दाबी गरेको छ । समूहले राउत नेतृत्वमा पार्टी केन्द्रीयकरण, विचारगत अस्पष्टता र संगठनात्मक उपेक्षा हुँदै आएको आरोप लगाउँदै आएको थियो ।

***विभाजनको कारण : नेतृत्वप्रति असन्तुष्टि***

जनमत पार्टीमा पछिल्ला महिनाहरूमा आन्तरिक असन्तुष्टि चुलिँदै गएको थियो । पार्टीभित्र अध्यक्ष राउतको एकल निर्णय, संगठनात्मक विस्तारमा उपेक्षा र जनस्तरमा पार्टीको कमजोर उपस्थिति देखिएको भन्दै धेरै नेताहरू असन्तुष्ट थिए ।

यसअघि नै पार्टी नेतृत्वले पार्टी हित विपरीत गतिविधि गरेको भन्दै उपाध्यक्ष इन्जिनियर दीपक साह, कोषाध्यक्ष सुरेन्द्र यादवसहितका नेताहरूमाथि अनुशासनात्मक कारबाही गरी निष्कासन गरेको थियो । तर निष्कासनपछि पार्टीभित्रको मतभेद झन् गहिरिँदै गयो र अन्ततः विभाजनमा परिणत भयो ।

पार्टीभित्र अध्यक्ष राउतको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा. शरदसिंह यादव, युवा संघ संयोजक सीके सिंह, सुदूरपश्चिम इञ्चार्ज राजाराम चौधरी, राष्ट्रिय परिषद् सदस्य विक्रमबहादुर बल लगायत शीर्ष नेताहरूले पनि पार्टी परित्याग गरेका छन् ।

***राजनीतिक पृष्ठभूमि र जनमत पार्टीको भूमिका***

डा. सीके राउतले मधेश आन्दोलन र स्वतन्त्र मधेश अभियानपछि शान्तिपूर्ण राजनीतिक यात्राको घोषणा गर्दै जनमत पार्टी स्थापना गरेका थिए। मधेशमा वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने उद्देश्यसहित गठित जनमत पार्टी २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा उल्लेखनीय प्रदर्शन गर्दै संघीय संसद्मा प्रवेश गरेको थियो ।

शुरुवाती चरणमा जनमत पार्टीले मधेशमा परिवर्तन र

बाँकी ४ पृष्ठमा

## पूर्वसभामुख कृष्णबहादुर महरा पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २६ असोज । पूर्वसभामुख कृष्णबहादर महरा पक्राउ परेका छन् । उनलाई आज आइतबार पक्राउ गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का एआईजी मनोज केसीले जानकारी दिए ।१० पुस २०७९ मा फ्लाई दुबईको फ्लाइटनम्बर एफजेट०५८७ नम्बरबाट काठमाडौं आएका चिनियाँ राहदानी बाहक लि हानसोङले २ वटा सुटकेश ल्याएका थिए ।



उक्त सुटकेशभित्र ७३ वटा बट्टामा रहेका ७३० थान भेप ल्याएका थिए । उक्त भेपमा भने सुन लुकाएर ल्याइएको थियो । ८ करोड ५५ लाख २८ हजार ३७४ रुपैयाँ बराबरको सुन ल्याइएको थियो । उक्त सुन भन्सारका नासु रेवनत खड्का समेतको मिलेमतोमा बेचिएको अनुसन्धानले खुलाएको थियो ।

उक्त सुन छुटाउन भन्दै महराले भन्सारमा दबाब दिएको आरोप लागेको थियो । यो प्रकरणका उनका छोरा राहुल महरा यसअघि पक्राउ परेर कारागार समेत चलान भएका थिए । दुई वटा सुटकेश शंकास्पद देखिएपछि चेकजाँच गर्दा भेप देखिपछि विमानस्थल भन्सार कार्यालयले नियन्त्रणमा लिएको थियो । पासपोर्ट फिर्ता लिएर हासोङले पर्सिपल्टै काठमाडौं छाडे । भेप भने लामो समयसम्म भन्सारमै थन्कियो ।भेपमा तस्करीको सुन भएको सूचना पाएपछि विमानस्थलका कर्मचारीले सुटुक्क साटे । भेप साटिएको शंका लागेपछि २६ वैशाख २०८० मा भन्सारले सीआईबीलाई पत्राचार गर्दै अनुसन्धान गर्न भनेको थियो ।


२ महिनासम्म लगाएर अनुसन्धान गरेको सीआईबीले ९ किलो सुन तस्करी भएको निष्कर्ष निकाल्दै भन्सारकै नासु रेवन्त खड्कासहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

पूरक अभियोजनमा चिनियाँ मूलका बेल्जियमका नागरिक दावा छिरिङ, उनका गाडी चालक लोकेन्द्र पौडेल, राहुल महरा, नीमा गुरुङलाई मतियार बनाएर मुद्दा दायर गरिएको थियो । अहिले महरा पक्राउ परेसँगै यो तस्रो अभियोजन हुनेछ ।

महरा संलग्न रहेको उक्त सुन तस्करीको फाइलमा अनुसन्धान अघि बढाउँदै उनीसँग केही दिन अघि बयान लिइएको थियो ।

त्रिभुवन विमानस्थलबाट भेपमार्फत सुन भित्र्याउन संलग्न चिनियाँ नागरिक लुई होनसोङ र दाओनिज वाङसँग उपाध्यक्ष महरा र उनका छोरा राहुलको निरन्तर संवाद भएको कल रेकर्डले देखाएको थियो ।यसअघि नै अनुसन्धानको दायरामा तानिएका पूर्वसभामुख महराविरुद्ध सत्ता र शक्तिको आडमा अनुसन्धान फाइल अघि बढेको थिएन ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# इन्टरनेट गभर्नेन्स र एआई: नेपालका लागि रणनीतिक तयारीको घडी

नेपालमा हालै सम्पन्न ‘एपीसिग २०२५’ सम्मेलनले इन्टरनेट तथा कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता अत्याधुनिक प्रविधिबारे गम्भीर बहस र छलफलको वातावरण सिर्जना गरेको छ। २० देशका विज्ञ, अनुसन्धानकर्ता, प्राध्यापक, सूचना प्रविधि विज्ञ तथा पत्रकारहरू सहभागी यस चारदिने सम्मेलनले इन्टरनेटको जिम्मेवार प्रयोगदेखि लिएर एआईका अवसर र चुनौतीसम्मका विविध विषयलाई सम्बोधन गरेको तथ्य नेपालको डिजिटल भविष्यका दृष्टिले अत्यन्त महत्वपूर्ण छ।

आज विश्व डिजिटल रुपान्तरणको तीव्र यात्रामा छ। सूचना, संचार र निर्णय प्रक्रियामा इन्टरनेट तथा एआईले क्रान्तिकारी परिवर्तन ल्याइरहेको छ। तर यसको अवसरसँगै गम्भीर चुनौतीहरू पनि जोडिएका छन्–जस्तै तथ्याङ्क सुरक्षा, गोपनीयता, भ्रामक सूचना, साइबर आक्रमण, र नियमनको जटिलता। यस्ता विषयमा नेपालभित्र अझै न त पर्याप्त नीति निर्माण भएको छ न त व्यावहारिक तयारी देखिन्छ। यस परिप्रेक्ष्यमा ललितपुरमा भएको यो सम्मेलनले नेपाललाई नीति र कार्यान्वयनका क्षेत्रमा दिशा देखाउने अवसर प्रदान गरेको छ।

नेपालमा इन्टरनेटको पहुँच विस्तार भए पनि यसको जिम्मेवार प्रयोगबारे सचेतना अभाव, कमजोर साइबर सुरक्षा प्रणाली र कानुनी अस्पष्टताले चुनौती थपिरहेका छन्। सामाजिक सञ्जालमा भ्रामक तथा प्रायोजित सूचनाको बाढी, तथ्याङ्क चुहावटका घटना, र अनलाइन अपराधका घटना दिनानुदिन बढ्दैछन्। यस्ता चुनौतीका बीचमा कृत्रिम बुद्धिमत्ताको छाल आउँदै छ–जो अवसरका रूपमा उपयोग नगरेसम्म खतरा बन्न सक्नेछ।

एआईले शिक्षादेखि स्वास्थ्य, कृषि, यातायात र सञ्चारजस्ता क्षेत्रमा अभूतपूर्व सुधार ल्याउन सक्छ। तर यसको अनियन्त्रित प्रयोगले रोजगारीमा असर, गोपनीयता संकट, सामाजिक विभाजन र राजनीतिक ध्रुवीकरण समेत निम्त्याउन सक्छ। त्यसैले अहिले देखिनै नीति, कानुन र प्रविधिक पूर्वाधारको तयारी गर्नु अत्यावश्यक छ।

सरकारका नियामक निकाय, कानुन निर्माणकर्ता, प्राविधिक संस्था तथा नागरिक समाजबीचको सहकार्यबिना डिजिटल शासन (Digital Governance) सम्भव छैन। इन्टरनेट गभर्नेन्स र एआई नीति कुनै एक मन्त्रालयको जिम्मेवारी होइन, यो राष्ट्रकै रणनीतिक प्राथमिकता बन्नु पर्छ।

‘एपीसिग २०२५’ सम्मेलनले अन्तर्राष्ट्रिय अनुभवलाई नेपालभित्र ल्याउने अवसर दिएको छ। अब चुनौती छ–यी छलफल र सिकाइलाई ठोस नीति, प्रभावकारी कानुन, पारदर्शी नियमन र जिम्मेवार प्रयोगतर्फ रूपान्तरण गर्ने। नेपालले इन्टरनेट र एआई प्रविधिलाई अवसरको रूपमा उपयोग गर्न सके डिजिटल अर्थतन्त्रलाई बल मिल्नेछ, तर यसमा ढिलाइ देशलाई पछाडि पार्न सक्छ। त्यसैले अब सरकार, निजी क्षेत्र, शैक्षिक संस्था तथा नागरिक समाज सबैले मिलेर राष्ट्रिय डिजिटल नीति र एआई रणनीति बनाउने दिशामा गम्भीर पहल गर्नुपर्ने बेला आएको छ। सम्मेलनले संकेत गरेको बाटो त्यही हो–अवसरलाई समात्ने कि चुनौतीमा पछि पर्ने।

# भ्रामक सूचनाको आडमा अदृश्य आक्रमण



अजयकृष्ण पराजुली

हालसालै मात्र विश्व आर्थिक मञ्च (वर्ल्ड इकोनोमिक फोरम) ले प्रकाशित गरेको ग्लोबल रिस्क रिपोर्ट २०२४ मा मिस-इन्फर्मेसन एन्ड डिस-इन्फर्मेसन अर्थात् गलत र भ्रामक सूचनालाई विश्वकै पहिलो नम्बरको ठूलो जोखिमका रूपमा पहिचान गरेको थियो। नभन्दै यसको असर समग्र विश्व परिवेशमा फैलिदै गएको देखिन्छ र नेपाली समाज पनि यसको असरबाट अछुतो रहन सकेको छैन।

आजको डिजिटल युगमा सूचना सेकेन्ड भरमा संसारभर छरपस्ट फैलिन्छ, सामाजिक सञ्जाल, अनलाइन समाचार पोर्टल र मेसेजिङ प्लेटफर्म मार्फत दैनिक हजारौं सूचनाहरू आदान-प्रदान भइरहेका छन्। तर तीमध्ये कतिपय सूचना गलत, झूटा वा दुराशयपूर्ण पनि हुन सक्छन्।

यस्ता सूचनाहरूले समाजमा भ्रम, वैमनस्य र अविश्वास फैलाउने काम गर्दछन्। भ्रामक सूचनाका तीन रूप: मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र इल-इन्फर्मेसनलाई सरल रूपमा यसरी बुझ्न सकिन्छ। मिस-इन्फर्मेसन भन्नाले अञ्जानमा गलत सूचना फैलाउने कार्य हो। यसमा सूचना दिने व्यक्ति वा माध्यमको उद्देश्य अरूलाई धोका दिने हुँदैन, तर तथ्य गलत हुन्छ। उदाहरणका लागि, कसैले पुरानो घटना वा तस्बिरलाई नयाँ घटना भनेर शेयर गर्नु वा अपुष्ट तथ्यलाई साँचो ठानेर पठाउनु मिस-इन्फर्मेसन हो। यस्ता सूचनाले भ्रम फैलाउँछन्, तर उनीहरूको उद्देश्य कपटपूर्ण हुँदैन।

डिस-इन्फर्मेसन भनेको जानाजान गलत वा बनावट सूचना प्रसारण गर्ने वा सूचनालाई आफूअनुकूल तोडमोड गरेर सम्प्रेषण गर्ने कार्य हो। यसले समाजमा जनमतलाई प्रभावित पार्ने, कसैको प्रतिष्ठा ध्वस्त पार्ने वा राजनीतिक लाभ लिन खोज्ने उद्देश्य राख्छ। उदाहरणका लागि, कुनै व्यक्ति वा दल विरुद्ध झूटा समाचार बनाई प्रचार प्रसार गर्नु, बनावट भिडियो वा तस्बिर मार्फत भ्रम फैलाउनु यी सबै डिस-इन्फर्मेसनका रूप हुन्।

इल-इन्फर्मेसन भन्नाले साँचो सूचना भए पनि दुराशयपूर्वक प्रयोग गरी अरूको हानि पुऱ्याउने सूचना जनाउँछ। यस्ता सूचनामा तथ्य सही भए पनि त्यसको प्रयोग गलत उद्देश्यका लागि गरिन्छ। उदाहरणका रूपमा, कसैको गोपनीय निजी जानकारी वा पुराना संवेदनशील विवरणहरू सार्वजनिक गरेर बदनाम गर्ने कार्य इल-इन्फर्मेसन हो।

यदि सूचनाको सत्यता र स्रोतमाथि नागरिकको विश्वास कमजोर भयो भने, त्यसको असर केवल मिडिया वा राजनीतिमा मात्र होइन, सम्पूर्ण सामाजिक स्थायित्वमाथि पर्छ। जुन कुरा वर्तमान अवस्थामा स्पस्ट रूपमा नेपाली समाजमा देख्न सकिन्छ।

हाल नेपालमा उत्पन्न सामाजिक विचलन र अन्योलको प्रमुख कारक भनेकै मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र इल-इन्फर्मेसन हो। जसले गर्दा छोटो समयमै मानवीय व्यवहार र आचरणलाई देवत्वकरण र क्षणभरमै दानवीकरण गरेको हामी देखिरहेका छौं र जसको फलस्वरुप समाजमा द्वेष फैलन गई सामाजिक सद्भाव भाइचारामा धुमिल स्थिति सिर्जना गरेको छ। र, यो विश्व आर्थिक मञ्चले दिएको चेतावनी केवल सैद्धान्तिक रूपमा मात्र नभई, व्यवहारमै छर्लङ्ग देखिँदैछ।

सामाजिक सञ्जाल, टिकटक, युट्युब र अनलाइन पोर्टलहरूमा दैनिक रूपमा फैलिरहेका असत्य र अतिरञ्जित सूचनाले नागरिक बीच अविश्वास र भ्रमको वातावरण सिर्जना गरेको छ। एउटा फोटो वा भिडियोको सन्दर्भ परिवर्तन गरेर “सत्य” भनेर प्रस्तुत गर्ने प्रवृत्तिले समाजलाई क्रमश: ध्रुवीकृत र आक्रोशित बनाइरहेको छ। र, फलस्वरुप नागरिक-नागरिक बीच विश्वासको संकट उत्पन्न भएको अवस्था छ।

नेपालमा डिजिटल पहुँच बढे पनि तथ्य जाँच संस्कृतिको विकास भएको छैन। विभिन्न अध्ययनले जनाए अनुरुप करिब ९० प्रतिशत भन्दा बढी नेपाली सामाजिक सञ्जाल प्रयोगकर्ताले भ्रामक सूचना देख्ने वा सुन्ने गरेको अनुभव गरेका छन्। यसरी असत्य सूचना दोहोरिएर प्रस्तुत हुँदा नागरिकहरूले सरकारी निकाय, मिडिया र यहाँसम्म कि विज्ञहरूको पनि भनाइमाथि शंका गर्न थालेका छन्। यो अवस्था सामाजिक विश्वासको संकट हो, जसले लोकतन्त्रको मेरुदण्ड नै कमजोर पार्न सक्छ।

भ्रामक सूचनाको अर्को गहिरो प्रभाव राजनीति र सामाजिक एकतामाथि परेको देखिन्छ।निर्वाचनका अवधिमा उम्मेदवारहरू विरुद्ध बनावटी समाचार, सम्पादित भिडियो र झुटा प्रचार सामग्रीले मतदाताको सोच प्रभावित पारिरहेको छ साथै सही र गलत छुट्याउन गाह्रो छ। “जिरो टोलरेन्स टू डिस-इन्फर्मेसन एन्ड हेट स्पीच” नीति भए पनि यसको कार्यान्वयनमा चुनौती छन्। त्यसकै कारण राजनीतिक ध्रुवीकरण बढ्दै गएको छ जसले संवादभन्दा विवाद र अविश्वासको संस्कृति जन्माइरहेको छ।

नागरिकलाई सही सूचना सम्प्रेषण गर्ने जिम्मेवार निकायहरुमध्ये कतिपय नेपालको मिडिया समुदाय पनि मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र इल-इन्फर्मेसनको समस्याबाट अछुतो रहन सकेका छैनन्। प्रेस काउन्सिल नेपालले बारम्बार सचेत गराए पनि, अफवाह र क्लिकबेट समाचारको बाढी रोकिएको छैन। यस सन्दर्भमा नेपालका मिडिया समुदायमा दुई तहको सुधार अत्यावश्यक देखिन्छ।

पहिलो, मिडिया साक्षरता विस्तार, जसले नागरिकलाई सूचना छान्ने, स्रोत परीक्षण गर्ने र सत्यतथ्य पहिचान गर्ने क्षमता प्रदान गर्छ। दोस्रो, पत्रकारिताको नियमन र उत्तरदायित्व जसले सूचना सम्प्रेषणमा नैतिकता र प्रामाणिकताको संस्कृतिलाई बलियो बनाउँछ।

यस्ता यावत् किसिमका समस्या समाधान हेतु मिडिया नियमन र पारदर्शिता नीति, आधिकारिक सूचना स्रोत चिनाउने अभ्यास, पुरस्कार र दण्डको व्यवस्था जस्ता कुराहरूमा राज्य लगायत समग्र जिम्मेवार निकायहरुले ध्यान दिनुपर्ने देखिन्छ।

यसर्थ सही सूचना नै लोकतन्त्रको बलियो आधार हो। नेपाल जस्तो बहुभाषिक, विविधतापूर्ण र लोकतान्त्रिक देशमा गलत सूचना केवल अफवाह मात्र नभई सामाजिक विष पनि हो। यसले समुदाय बीचमा अविश्वास, वर्गीय तनाव साथै सामाजिक संस्थामाथि आघात पुऱ्याउँछ। सूचनाप्रविधिको वर्तमान युगमा सही र गलत बीचको रेखा एकदमै पातलो बन्दै गएको छ। जसले गर्दा आम नागरिकले सही र गलत बीचको भेद पहिल्याउनका निमित्त जटिल परिस्थिति सिर्जना भएको छ। त्यसैले प्रत्येक नागरिकले सूचना प्राप्त गर्दा स्रोत जाँच्ने, प्रमाण खोज्ने र सत्य-असत्य छुट्याउने चेतना विकास गर्न जरूरी छ।

त्यसैगरी, मिडिया हाउसहरूले सूचना सम्प्रेषणमा नैतिकता र प्रामाणिकताको परीक्षण गर्नु जरूरी रहन्छ। गलत सूचना केवल एउटा व्यक्तिमा मात्र सीमित नरही सामाजिक र समग्र राष्ट्रकै हानिको कारण पनि बन्न सक्छ। यसर्थ सूचनाको जिम्मेवार उपभोग र प्रसारण नै लोकतान्त्रिक समाजको बलियो आधार हो।

त्यसैले, सरकारले प्रभावकारी सूचना नीतिहरू निर्माण गर्नुपर्छ, मिडियाले जवाफदेही बन्नुपर्छ र नागरिकहरूले सूचना उपभोगमा सचेत र उत्तरदायी हुनुपर्छ। सही सूचना नै लोकतन्त्रको स्तम्भ हो। त्यो स्तम्भ ढल्यो भने, राज्य र समाज दुवै अस्थिर हुने खतरा बढ्दै जान्छ।

*पराजुली त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक हुन्।*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# के च्याट जिपिटीले मानिसलाई बनाउँदैछ धोकेबाज ?

काठमाडौं । नेचर पत्रिकामा प्रकाशित एक नयाँ अध्ययनले च्याट जिपिटी जस्ता एआई टूलहरूले विभिन्न अनैतिक कार्यहरू गर्नका लागि मानिसहरूलाई सहज बनाउन सक्ने खुलासा गरेको छ ।

शोधकर्ताहरूका अनुसार मेसिनको माध्यमबाट मानिसहरूले धोकाधडी वा अन्य अनैतिक कामहरू निकै सजिलोसँग गर्नसक्दछन् किनकि एआईमा मानिसमा जस्तो कुनै नैतिक वा मनोवैज्ञानिक बन्धनहरू हुँदैनन् ।




*एआई भर्सेस मानिस : नैतिकतामा भिन्नता*

अध्ययनमा के पाइएको छ भने मानिसले केवल २५ देखि ४० प्रतिशत मात्रै अनैतिक निर्देशनहरूको पालना गर्दछ । जबकि जिपिटी ४, जिपिटी ४य , क्लाउड ३.५ सोनेट तथा लामा ३.३ जस्ता एआई मोडेलहरूले चाहीँ ६० देखि ९५ प्रतिशत सम्म त्यस्ता निर्देशनहरू पूरा गर्दछ ।

आफ्नो शोधका क्रममा शोधकर्ताहरूले खासगरी दुईवटा क्षेत्रमा ध्यान केन्द्रित गरे । जसमा कर छली र जुवाजस्ता खेलमा हुने धोकाधडी संलग्न थिए ।

शोधकर्ताहरूका अनुसार मेसिनहरूले बेइमानीको नैतिक मूल्यलाई कम गर्दछ र मानिसलाई सम्भावित इन्कारीको सम्भावना प्रदान गर्दछ ।

**शोधकर्ता भन्छन् :** जबजब इन्टरनेटसँग जोडिएका मानिसहरूले एआईएको प्रयोग पाउनेछन्, उनीहरूले विना कुनै प्राविधिक विज्ञता नै व्यापक कार्यहरू एआईलाई सुम्पिनेछन् । यसबाट अनैतिक व्यवहार बढ्न सक्दछ, जसको कारण दुर्भावना नभई नैतिक तथा व्यवहारिक बाधाहरूमा हुने कमी रहनेछ ।

शोधकर्ताहरूका अनुसार मानिसहरू आफैले अनैतिक काम गर्नुको साटो मेसिनबाट अनैतिक काम गराउने सम्भावना अधिक हुन्छ ।

शोधकर्ताहरूका अनुसार यस्तो परिस्थितिलाई कम गर्नका लागि एआई कम्पनीहरूले अबलम्बन गरेका विद्यमान सुरक्षाका उपायहरू पर्याप्त छैनन् । त्यसैले प्राविधिक सुरक्षालाई थप मजबुत बनाउनुका साथै मेसिन डिजाइनलाई सामाजिक र नियामक नियन्त्रणसँग जोड्ने व्यापक व्यवस्थापन ढाँचा तयार गर्नुपर्ने विज्ञहरूको सुझाव छ । वास्तवमा एआई टूलहरूको बढ्दो प्रयोगले कामहरू गर्न सहज त हुनेछ, तर नैतिक जिम्मेवारीहरू पनि बदलिनेछन् । त्यसैले एआईको विकाससँगै यसको नियमन र प्राविधिक सुरक्षामा ध्यान दिनु निकै जरुरी रहेको विज्ञहरूको सुझाव छ । एजेन्सी

## मिथिला नगरपालिकाका शिक्षक तलब भत्ता माग्दै अनिश्चितकालीन धर्नामा



दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज । धनुषाको मिथिला नगरपालिकामा कार्यरत शिक्षकहरूले तलब भत्ता नपाएको विरोधमा आइतबारदेखि अनिश्चितकालीन धर्ना सुरु गरेका छन्। उनीहरू नगरपालिकाको कार्यालय परिसरमा धर्नामा बसेका हुन्।

शिक्षक आन्दोलन परिचालन समिति मिथिलाका संयोजक रामप्रसाद खरेलका अनुसार पटक-पटक माग गर्दा पनि नगरपालिकाले तलब भत्ता वितरणमा चासो नदेखाएकाले शिक्षकहरू बाध्य भएर सडक आन्दोलनमा उत्रिएका हुन्।

“दसैं-तिहार जस्ता चाडपर्व नजिकिँदै गर्दा तलब नपाउँदा हामी गम्भीर आर्थिक संकटमा परेका छौं,” संयोजक खरेलले भने, “सङ्घीय सरकारले समयमै पठाएको रकम जनप्रतिनिधिबीचको आन्तरिक मतभेदका कारण रोकिएको छ। शिक्षकको तलब तुरुन्त निकासा गरी शैक्षिक वातावरण सहज बनाउन नगरपालिकाले पहल गर्नुपर्छ।”शिक्षकहरूले तलब भत्ता रकम खातामा जम्मा नभएसम्म धर्ना जारी रहने बताएका छन्। आन्दोलनले नगरको शैक्षिक गतिविधिमा असर पर्न सक्ने चेतावनी समेत दिएका छन्।

## स्वर्ण विजेता एरिका सम्मानित

काठमाडौँ, २६ असोज । नेपाल प्रहरी श्रीमती सङ्घले अन्तरराष्ट्रिय कराते प्रतियोगितामा ऐतिहासिक सफलता दिलाएकी एरिका गुरुङलाई आज नगदसहित सम्मान गरेको छ । सङ्घले भृकुटीमण्डपस्थित आफ्नै कार्यालयमा कार्यक्रम आयोजना गर्दै एरिकालाई रु २५ हजार ५५५ सहित सम्मान गरेको हो । सङ्घकी अध्यक्ष भावना श्रेष्ठ खापुङले एरिकालाई दोसल्ला ओढाएर सम्मानपत्रद्वारा सम्मान गर्नुभयो । सोही अवसरमा सङ्घले नेपाली राष्ट्रिय कराते टोलीका प्रशिक्षक एवम् १३औँ दक्षिण एसियाली खेलकुद (साग) का दोहोरो स्वर्ण पदक विजेता मन्डेकाजी श्रेष्ठलाई पनि सम्मान गरेको थियो । एरिका नेपाल पुलिस क्लबमा आवद्ध छिन् । उनले यही असोज १७ देखि १९ गतेसम्म मलेसियामा सम्पन्न डब्लुकेएफ कराते वान सिरिज ‘ए’ मा नेपालका लागि ऐतिहासिक स्वर्ण पदक जितेकी थिइन् । उनले कुमितेतर्फ ६८ किलो माथिको तौलमा स्वर्ण जितेकी थिइन् । एरिका ट्युनिसियाकी मसाक्नी टेस्निम, चेक रिपब्लिककी हाकोभा अमाली र पोल्यान्डकी डेनिस्जेवस्का जुलियालाई पछाडि पार्दै स्वर्ण जितेकी थिइन् ।सेमिफाइनलमा हाकोभालाई ७-० ले हराएकी एरिकाले फाइनलमा मसाक्नीलाई २-० ले निराश पारिन् । कराते वान सिरिज ‘ए’ मा स्वर्ण पदक जित्ने एरिका पहिलो नेपाली खेलाडी हुन् । रासस

# बारम्बार तताएको तेलले निम्त्याउन सक्छ क्यान्सर

एजेन्सी

काठमाडौँ । तपाईंलाई थाहा छ? भान्सामा हुने एउटा सानो गल्तीले तपाईंलाई क्यान्सर जस्तो ज्यानमारा रोगको नजिक पुऱ्याउन सक्छ। त्यो गल्ती हो– खाना पकाइसकेपछि बचेको तेललाई फेरि तताएर प्रयोग गर्नु ।

हामी प्रायः तेल खेर नजाओस् भनेर यसो गर्छौं, तर यो तपाईंको स्वास्थ्यसँग ठुलो खेलबाड हो । जुन तेललाई हामी खेर जान नदिएर बारम्बार तताउँछौं, त्यो वास्तवमा हाम्रो शरीरमा विष घोलिरहेको हुन्छ।

*बारम्बार तताउँदा तेल किन बन्छ विष?*

जब हामी तेललाई पटक-पटक तताउँछौं, तब त्यसबाट केही विषाक्त यौगिकहरू र फ्री रेडिकल्स निस्कन थाल्छन्। यी फ्री रेडिकल्सले हाम्रो कोशिकाहरूलाई सीधा क्षति पुऱ्याउँछन्, जसले क्यान्सरको जोखिम बढाउँछ।

पटक-पटक तताउँदा तेलमा एल्डिहाइड्स र पीएच जस्ता रसायनहरू पनि बन्छन्, जुन कार्सिनोजेनिक हुन्छन्। यसको मतलब, यी रसायनहरूमा शरीरमा क्यान्सर पैदा गर्ने क्षमता हुन्छ।

*स्ट्रिट फुड खाँदा होसियार*

डाक्टरका अनुसार, एक सर्वेक्षणमा धेरै स्ट्रिट फुड बिक्रेताहरूले एउटै तेललाई ४-५ पटकसम्म प्रयोग गर्छन्। उनीहरूको पसलबाट लिइएको तेलको नमुनामा विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा दुई गुणा बढी विषाक्त तत्त्वहरू पाइएका थिए।

*अब प्रश्न उठ्छ, हामीले के गर्ने?*



- सधैं ताजा तेल प्रयोग गर्ने । एक पटक प्रयोग गरिसकेको तेललाई फेरि प्रयोग गर्नबाट बच्ने।
- तोरीको तेल र बदामको तेल जस्ता स्वस्थ विकल्पहरू छान्ने । यी तेलहरू स्वास्थ्यका लागि राम्रो मानिन्छन्।
- जैतुनको तेल (ओलिभ ओयल) सही तरिकाले प्रयोग गर्ने । खाना पकाउनका लागि जैतुनको तेल प्रयोग नगर्ने। यसको सट्टा एक्स्ट्रा भर्जिन ओलिभ ओयल प्रयोग गर्ने । तर यसलाई सलाद वा हल्का ड्रेसिङका लागि मात्र प्रयोग गर्न सकिन्छ।
- आफ्नो खानामा तरेको खानेकुराको मात्रा घटाएर त्यसको ठाउँमा बेक र स्टीम गरिएका खानेकुरा समावेश गर्ने।
- यदि सम्भव हुन्छ भने, खाना पकाउनका लागि शुद्ध गाईको घिउको प्रयोग गर्ने। यसलाई सबैभन्दा सुरक्षित र स्वस्थ विकल्प मानिन्छ।

*अस्वीकरण: लेखमा उल्लेख गरिएका सल्लाह र सुझावहरू सामान्य जानकारीको उद्देश्यका लागि मात्र हुन् र यसलाई व्यावसायिक चिकित्सा सल्लाहको रूपमा व्याख्या गर्नु हुँदैन। यदि तपाईंलाई कुनै प्रश्न वा समस्या छ भने सधैं आफ्नो डाक्टरसँग परामर्श गर्नुहोस्।*

# १५ लाख रुपैयाँ पर्ने संसारकै महँगो बर्गर

काठमाडौं । स्पेनको एक रेष्टुरेन्टमा संसारकै सबैभन्दा महँगो बर्गर पाइन्छ। असादर आउपा रेष्टुरेन्टले बिक्री गर्ने उक्त अद्वितीय बर्गरको मूल्य ११ हजार डलर अर्थात् १५ लाख रुपैयाँ पर्दछ। अझ विशेष त के भने त्यो बर्गर जो कोही मानिसले चाह्न पनि पाउँदैन र रेष्टुरेन्टले निम्तो गरेका व्यक्तिले मात्रै यसको स्वाद लिन पाउँछ। स्पेनको क्याटालोनियास्थित क्याबरेरा डेल मार क्षेत्रमा रहेको उक्त रेष्टुरेन्टले ८ वर्षको मिहिनेत र अनुसन्धानपछि उक्त विशेष बर्गर बनाएको हो। सो बर्गर कसरी बनाइयो र त्यसमा खास के-कस्ता चिजबिज राखिएको छ भन्ने तथ्य चाहिँ गोप्य राखिएको छ।



यद्यपि ९ हजार ४५० युरो मूल्यको उक्त बर्गरमा खान मिल्ने सुनजस्ता अनावश्यक चिजहरु नराखिएको र विशेष खालका गुणस्तरीय चिजवस्तु राखेर तयार पारिएको बताइएको छ। स्पेनको बास्क समुदायका परिकारमा दखल राख्ने चर्चित शेफ बोस्को जिमेनेजले उक्त असाडोर आउपा नामक रेष्टुरेन्टको स्थापना गरेका हुन्। जिमेनेजलाई बीडेभाइकिंगो नामले पनि चिनिन्छ।

विश्वको सबैभन्दा महँगो बर्गर बनाउने उनको अवधारणा सामान्य छ - लक्जरी भनेको हल्लाखल्लायुक्त हुनु हुँदैन। यो भनेको अप्राप्य हुनुपर्छ।

हुनत त्यो विशेष बर्गरका लागि ११ हजार डलर रकम तिर्न तयार हुने मानिसहरु धेरै हुनसक्छन्। तर, पैसा खर्च गर्नुमात्रै उक्त बर्गरको स्वाद लिनका लागि पर्याप्त हुनेछैन। यसको अनुभव लिनका लागि तपाईंलाई एसाडोर आउपा रेष्टुरेन्टले निमन्त्रणा गर्नुपर्दछ। रेष्टुरेन्टको वेबसाइटमा लेखिएको छ - यो अनुभव केवल निमन्त्रणका आधारमा मात्रै छ। यो मेन्यूमा संलग्न छैन। यसका लागि बुकिङ गर्न पनि सम्भव छैन। यसको अनुभव गर्नका लागि छानिएकाहरुलाई मात्रै अनुमति मिल्नेछ। यदि तपाइँलाई पनि उक्त सूचीमा पर्न मन छ भने अनुरोध गर्न सक्नुहुन्छ। त्यस्तो अनुरोधलाई प्रक्रियामा लगिनेछ। त्यसरी आवेदन दिएकामध्येबाट रेष्टुरेन्टले कुन आधारमा छनोट गरेर निमन्त्रणा दिन्छ भन्ने चाहिँ खुलासा गरेको छैन। छनोट गरिएका हरुलाई रेष्टुरेन्टको निजी कोठामा निमन्त्रणा गरिनेछ र अन्य केही भाग्यमानी सँगै राखेर उक्त बर्गर खान दिइनेछ। सो बर्गरमा संसारकै सबैभन्दा उत्कृष्ट ३ प्रकारका मासु, युरोपको सबैभन्दा विशेष चिज तथा विशेष ससको प्रयोग गरिएको छ।एजेन्सी

# अनलाइन मिडिया दर्ता-नवीकरण छिट्टै सुरु हुने

दैनिक समाचारदाता

काठमाडौँ, २६ असोज। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सूचना तथा प्रसारण विभागबाट अनलाइन मिडियाको दर्ता र नवीकरण यथाशीघ्र सुरु गर्न प्रयास भइरहेको बताउनुभएको छ। विभागको अनुगमन निरीक्षणपछि आज आयोजित कार्यक्रममा उहाँले अनलाइन मिडियाको दर्ता र नवीकरणका सन्दर्भमा धेरै सञ्चारकर्मीले झणझट बेहोर्नुपरेकाले त्यसका लागि सहजीकरण गरी सेवा सुविधा उपलब्ध गराउन विभागलाई निर्देशन दिनुभयो।

सञ्चारमन्त्री खरेलले भन्नुभयो, “यो दर्ता प्रक्रिया सम्भवतः तिहार अगाडि नै अघि बढ्छ। त्यसका लागि विभाग सम्पूर्ण तयारी अवस्थामा छ। दर्ता र नवीकरण गर्न अहिले धेरै साथीहरुले झण्झट बेहोर्नुभएको छ। छिट्टै विभागले सहजीकरण र सेवा सुविधा उपलब्ध गराउने छ।”

आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै मनसुनसम्बन्धी विपद् र दसैं परेकाले प्रक्रियागत रुपमा मिलाउनु पर्ने भएकाले केही समय लागेको जनाउँदै मन्त्री खरेलले आगामी मन्त्रिपरिषद्बाट निर्णय भएपछि राजपत्रमा प्रकाशित हुनासाथ दर्ता र नवीकरण प्रक्रिया अघि बढ्ने विश्वास दिलाउनुभयो।

अरु सरकारी निकायजस्तो ढिलासुस्तीको अनुभूति सूचना प्रविधि विभागसँग नरहेको जनाउँदै उहाँले जनता र पत्रकारसँग प्रत्यक्ष जोडिएको कार्यालय भएकाले सबै सेवाग्राहीलाई विधि र प्रक्रियाको सहजीकरणमा आवश्यक सहयोग हुँदैआएको बताउनुभयो।

मन्त्री खरेलले भन्नुभयो, “तपाईंहरुले गर्ने सेवा, सुविधा र व्यवहारले पत्रकार र जनतामा महत्वपूर्ण भूमिका निर्वाह गर्दो रहेछ। सीमित स्रोत, साधन र जनशक्तिबिचमा पनि राम्रो सेवा प्रवाह भएको छ। अनलाइन नवीकरण यहीँबाट होस् भन्ने चाहना राखेर मन्त्रिपरिषद्बाट निर्णय भएको छ।”

उहाँले वर्तमान सरकारलाई प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने तथा सुशासनको अनुभूत हुनेगरी काम अघि बढाउनुपर्ने दायित्व रहेको उल्लेख गर्नुभयो। सरकारले जेनजी आन्दोलनको क्रममा भएको जनधनको क्षतिको अनुसन्धान गरी कारबाही प्रक्रिया अघि बढाउने र मन्त्रालय मातहतका निकायमा परिणाम आउने काम अघि बढाइ आगामी दिनमा सेवा प्रवाहलाई छिटो र सरल तुल्याउने आधारशिला स्थापित गर्न हरसम्भव प्रयत्न हुने दृढता व्यक्त गर्नुभयो।

मन्त्रालयका सचिव राधिका अर्यालले अनलाइन मिडिया दर्ता र नवीकरण तथा पत्रकारका अन्य माग मुद्दालाई सम्बोधन गर्न मन्त्रालय सकारात्मक रहेको बताउनुभयो। विभागका महानिर्देशक उदयबहादुर रानामगरले विभागले सञ्चारकर्मीको हकहित र सहजीकरणका लागि काम गरिरहेको जानकारी दिनुभयो। रासस

# जनकपुरमा जसपाको रणनीतिक अधिवेशन

दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज। जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेश प्रदेशको एकताको प्रथम अधिवेशन भोलि सोमवारदेखि जनकपुरधाममा शुरु हुने भएको छ। प्रेम मञ्च नेपाल प्रदेश कार्य समितिको आयोजनामा आईतवार पत्रकार सम्मेलन गरी प्रदेश अध्यक्ष बालकिशोर प्रसाद यादवले दुई दिनसम्म चल्ने अधिवेशनको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिएका हुन्।




अध्यक्ष यादवका अनुसार यस अधिवेशनले पार्टीलाई नयाँ दिशातर्फ अग्रसर गराउने र संगठनलाई सुदृढ बनाउने रणनीतिक निर्णयहरू गर्नेछ। अधिवेशनमा करिब ५०० जना प्रतिनिधि र १०० जना पर्यवेक्षकको सहभागिता रहने जनाएका छन्।

यादवले पत्रकार सम्मेलनमा ऐतिहासिक पृष्ठभूमि स्मरण गर्दै भने, “हाम्रो पार्टी तत्कालीन मधेसी जनअधिकार फोरम नेपाल ऐतिहासिक मधेश जनविद्रोहको बलमा गठन भएको हो। मधेसी, दलित, आदिवासी-जनजाति, महिला, मुस्लिम, थारु, अल्पसंख्यक, मजदुर, किसान तथा पिछडिएका वर्गको समानुपातिक समावेशी अधिकार सुनिश्चित गर्न हाम्रो पार्टी निरन्तर संघर्षरत छ।”

उहाँले पार्टी एकतापछि हुन लागेको यो पहिलो प्रदेश अधिवेशनले संविधान संशोधन, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, संवैधानिक अदालत गठन तथा सामाजिक न्याय र सुशासन सुनिश्चित गर्ने पार्टीको दीर्घकालीन मुद्दालाई रणनीतिक रूपमा अघि बढाउने बताए। “हाम्रो पार्टीले उठाएका मुद्दा आजको जेन जेड पुस्ताले पनि बोकेका छन्। संविधान संशोधनदेखि समानुपातिक समावेशी शासन प्रणालीका लागि हाम्रो संघर्ष एक दशकभन्दा बढी पुरानो हो। यही संघर्षलाई नयाँ सन्दर्भमा अझ सशक्त बनाउँदै लैजाने जिम्मेवारी यस अधिवेशनले लिनेछ,” यादवले भने।

कार्यक्रमको प्रारम्भमा पार्टीले देश र जनताका लागि बलिदान दिने ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नेछ। यसैगरी अधिवेशनले नयाँ नेतृत्व चयनसहित संगठन विस्तार र राजनीतिक कार्यक्रमलाई तिव्रता दिने अपेक्षा गरिएको छ।

अध्यक्ष यादवले न्यायप्रेमी जनसमुदाय, प्रतिनिधि तथा पत्रकारहरूप्रति अधिवेशनमा सक्रिय सहभागिता र सहयोगको अपील गरेका छन्।

मञ्चका प्रदेश अध्यक्ष अमरेन्द्र यादवको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा पूर्व मन्त्री एवं जसपा नेता ज्ञानेन्द्र यादव, केन्द्रिय सदस्य चन्देश्वर सदा, जिल्ला अध्यक्ष पशुपति यादव, नेता शत्रुधन प्रसाद यादव सहितका व्यक्तिहरु सहभागी रहेका थिए।

# जनमत पार्टी फुट्यो.....

पहिचानको राजनीति गर्ने भन्दै जनताको ठूलो समर्थन प्राप्त गरेको थियो। तर समयक्रममा पार्टीभित्र निर्णय प्रक्रिया, संगठन विस्तार र नेतृत्व शैलीमा असन्तुष्टि बढ्दै गएपछि पार्टी कमजोर बन्दै गएको विश्लेषकहरूको ठम्याइ छ।

राजनीतिक विश्लेषकहरुका अनुसार, जनमत पार्टी फुट्नु मधेश प्रदेशको राजनीतिक समीकरणमा ठूला प्रभाव पार्नेछ। एकीकृत मधेशवादी राजनीतिक शक्तिको खिचातानीबीच यो विभाजनले आगामी निर्वाचनमा समीकरण फेरबदल गर्न सक्छ।

***निर्वाचन आयोगको तयारी र प्रक्रिया***

निर्वाचन आयोगले नयाँ दल दर्ता प्रक्रियाबारे प्रावधानअनुसार कार्य अघि बढाउने तयारी गरेको छ। उप(न्यायाधिवक्ता पौडेलका अनुसार आयोगले निवेदन स्वीकृत गरेपछि हस्ताक्षर गर्ने केन्द्रीय सदस्यहरूको सनाखत प्रक्रिया सुरु गरिनेछ।

आयोगका एक अधिकारीका अनुसार, “हस्ताक्षर वैधानिक प्रमाणित भएपछि निर्वाचन आयोगले राजनीतिक दल ऐन बमोजिम जनस्वराज पार्टीलाई दर्ता प्रक्रिया अगाडि बढाउनेछ।”

***मधेश राजनीतिमा नयाँ समीकरणको संकेत***

जनमत पार्टीको फुटावटसँगै मधेश केन्द्रित राजनीतिक शक्तिहरूबीच प्रतिस्पर्धा झनै तीव्र हुने देखिएको छ। जनस्वराज पार्टी गठन भएपछि राउत नेतृत्वमा रहेको जनमत पार्टी आन्तरिक रूपमा थप कमजोर बन्ने संभावना छ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४